# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख २७ गते २०५६ साल (संख्या ४

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को अनुसूची–१ को दफा १ को खण्ड (अ) को उप खण्ड (च) को ३ मा देहायका प्रतिवन्धात्मक वाक्यांश-हरू थप गरेको छ :-

"तर,–

(क) त्यस्ता वस्तुहरू जुन उद्देश्यका लागि पैठारी गरिएको हो सो उद्देश्य परिपूर्ति हुन नसक्ने भएमा सोको सट्टा अर्को सोही वस्तु (Replacement को रूपमा) पैठारी गर्न सकिनेछ ।

(ख) त्यस्ता वस्तुहरू नेपालमा खपत नहुने भई फिर्ता पठाउनु पर्ने भएमा पैठारी गर्दा भुक्तानी भए बराबरको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा व्यापारिक प्रयोजनको लागि वस्तु पैठारी गर्दाको अवस्थामा लाग्ने भन्सार महसुल, कर तथा निकासी गर्दा लाग्ने कर, शुल्क तिरी फिर्ता गर्न सकिनेछ ।"

आज्ञाले,

मोहनदेव पन्त

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।